प्रदेश सरकार
# आन्तरिक मामिला तथा कानून मन्त्रालय
गण्डकी प्रदेश
पोखरा, नेपाल

☎ फोन नं.: ०६१-४६७७२६
०६१-४६७७३३
फ्याक्स : ०६१-४६७७११
Email:moialp4@gmail.com

पत्र संख्या : ०७४/७५ (प्रशासन.)
चलानी नं. : १८

प्रदेश सरकार
आन्तरिक मामिला तथा कानून मन्त्रालय
गण्डकी प्रदेश
पोखरा, नेपाल

मिति : ०७५।०४।०४

विषय : असार महिनाको मासिक प्रगति विवरण पठाइएको ।

श्री मुख्यमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय
गण्डकी प्रदेश पोखरा, नेपाल

प्रस्तुत विषयमा यस मन्त्रालयबाट असार महिनामा कार्यसम्पादन भएका महत्वपुर्ण प्रगति विवरण निम्नानुसार रहेको व्यहोरा आदेशानुसार अनुरोध छ ।

तपसिल

१) कानून निर्माण, प्रमाणिकरण साथै राजपत्रमा प्रकाशित भएका कानूनहरु

क) प्रदेश नं ४ को प्रदेश राजधानी पोखरा तोकिएको प्रदेश सभा सचिवालय सूचना

ख) प्रदेश नं ४ को नामाकरण गण्डकी प्रदेश गर्ने सम्वन्धी प्रदेश सभा सचिवालयको सूचना

ग) प्रदेशस्तरका केही सार्वजनिक लिखत प्रमाणीकरण नियमावली, २०७४

घ) प्रदेश आर्थिक कार्यविधि -पहिलो संशोधन ) ऐन २०७५

ङ) कर तथा गैरकर राजश्व सम्वन्धी ऐन, २०७५

च) प्रदेश वित व्यवस्थापन ऐन, २०७५

२. सूचना अधिकारी (सूचनाको हक सम्वन्धी ऐन, २०६४ को दफा ६ बमोजिम) तथा प्रवक्ता (सुशासन ऐन २०६४ को दफा ३५ बमोजिम) तोकिएको ।

३. आगामी आ.ब. २०७५।०७६ को बजेट कार्यकम कार्यान्वयको चरणमा रहेको ।

४. लागु औषध प्रयोगकर्ताहरुका लागि प्रदेशस्तरीय उपचार तथा पुनः स्थापना केन्द्र सञ्चालन निर्देशिका २०७५ को मस्यौदा तयारी भई सरोकारवालाहरुसँग छलफल, अन्तरक्रिया गरिएको ।

५. प्रदेश सुरक्षा समिति गठन भै आवश्यकता अनुसार बैठक बस्ने गरेको ।

६ संचार नीति को मस्यौदा तयार भै सरोकारवालाहरु सँग छलफल गरिएको ।

७. विपद् सम्बन्धी खोज, उद्दार तथा राहत मापदण्ड, २०७५ तयार भएको ।

८. प्रदेश विपद व्यवस्थापन समिति गठन भई समितिले पुर्णता पाएको ।

प्रदेश सरकार
# आन्तरिक मामिला तथा कानून मन्त्रालय
गण्डकी प्रदेश
पोखरा नेपाल

☎ फोन नं.: ०६१-४६७७२६
०६१-४६७७३३
फ्याक्स : ०६१-४६७७११
Email:moialp4@gmail.com

पत्र संख्या : ०७४/७५ (प्रशासन.)
चलानी नं. :

९. विपद व्यवस्थापन कार्यकारी समिति गठन भएको ।

१०. प्रादेशिक विपद व्यवस्थापन कोष खडा गरिएको । ( २ करोड ) जसमा कास्की लाई ४ लाख, तनहुँलाई २ लाख र अन्य ९ जिल्लालाई १।१ लाखका दरले पठाइएको ।

- मौजुदा क्षेत्रीय गोदाम घर र क्षेत्रीय आपतकालीन संञ्चालन केन्द्र प्रदेशको आन्तरिक मामिला तथा कानून मन्त्रालय मातहत राख्न एवं क्षेत्रीय गोदाम घरमा राखी वितरण गर्न थप खोज उद्दार र राहत सामाग्री पठाउन गृह मन्त्रालयमा अनुरोध गरिएको ।

११. विपद पूर्व सूचना प्रणालीको बैठक बसेको ।

- पूर्व स्थापित बब्लर सेन्सीङ्ग मेशीनहरु बाढीका बखत वृहत जलप्रवाहका कारण प्रभावकारी हुन नसकेकोले तथा राडार स्टेशन स्थापित गर्न जल तथा मौसम विज्ञान विभाग तथा गृह मन्त्रालयलाई त्यसको सुधार तथा मर्मत संभारका लागि पहल गरिएको ।
- पोखरामा नै रहि हाल क्षेत्रीय हावापानी कार्यालय छुट्टिई चितवनमा रहेको नारायणी वेशीन कार्यालय पुनः एकिकृत गरी पोखरा बाट संचालन गर्न गराउन जल तथा मौसम विज्ञान विभागलाई पत्राचार गरिएको ।

१२. गण्डकी प्रदेशमा रहेका स्थानीय तह का न्यायीक समितका संयोजकहरुलाई २ दिने कार्यशाला गोष्ठी सञ्चालन गरिएको

१३. विधुतिय हाजिरीको शुरुवात गरिएको ।

(विष्णु प्रसाद पोखरेल)
शाखा अधिकृत